**काठमाडौंमा आयोजित कोलम्बो प्रोसेसको छैठौं मन्त्रिस्तरीय परामर्श बैठकका सम्बन्धमा**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको**
**प्रेस विज्ञप्ती**

सुरक्षित, व्यवस्थित र नियमित आप्रवाशन सबैका लागि समान लाभ (Safe, Regular and Managed Migration: A Win-Win for All) भन्ने मूल नाराका साथ आज काठमाडौंमा आयोजित कोलम्वो प्रोसेसको छैठौं मन्त्रिस्तरीय परामर्श वैठकको माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री इश्वर पोखरेलले समुद्घाटन गर्नु भयो ।

वैठकमा कोलम्वो प्रोसेसका अध्यक्ष माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री गोकर्ण विष्टले स्वागत मन्तव्य प्रस्तुत गर्नु हुँदै वैदेशिक रोजगारीमा जाने श्रमिकहरुले भोग्नु परेका साझा समस्याहरुको संयुक्त रुपमा समाधानका उपायहरु पहिल्याउन यो वैठक सफल हुने विश्वास व्यक्त गर्नु भयो । यसका साथै वैदेशिक रोजगारीलाई अधिकारमा आधारित बनाई विशेषगरी न्यून सीप भएका अदक्ष र अर्धदक्ष कामदारहरु, महिला कामदार तथा घरेलु कामदारको रुपमा वैदेशिक रोजगारमा जाने श्रमिकहरुको जोखिमलाई न्यूनीकरण गर्दै उनीहरुको यथोचित संरक्षणको व्यवस्था मिलाउन कोलम्बो प्रोसेसका सदस्य राष्ट्रहरुले हातेमालो गर्दै अघि बढ्नु पर्ने वताउनु भयो ।

त्यसैगरी श्रम आप्रवासन विश्व समुदायको चासोको विषय वन्दै गएको सन्दर्भमा वैदेशिक रोजगारीमा जाने श्रमिकहरुलाई मर्यादित र व्यवस्थित रोजगारीको सुनिश्चित गर्नु सबैको साझा दायित्व भएको विषय प्रस्तुत गर्नु हुँदै माननीय परराष्ट्र मन्त्री श्री प्रदिप कुमार ज्ञवालीले विश्वको करिव आधा जनसंख्याको प्रतिनिधित्व गर्ने र वैदेशिक रोजगारको ३० प्रतिशत हिस्सा ओगट्ने कोलम्बो प्रोसेसका सदस्य राष्ट्रहरुले एकीकृत प्रयास अघि बढाउनु पर्ने तर्फ जोड दिनु भयो ।

समारोहमा अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आईओएम) का महानिर्देशकको तर्फबाट छैठौं मन्त्रिस्तरीय परामर्श बैठकलाई दिइएको वक्तव्य एसिया प्यासिफिक क्षेत्रीय निर्देशक डा. मारिया नेनेटले प्रस्तुत गर्नु हुँदै सुरक्षित, व्यवस्थित र नियमित आप्रवाशनका लागि विश्वव्यापी साझेदारी (जीसीएम) को मस्यौदा तयारीका क्रममा ठूलो योगदान पुर्‍याएको कोलम्बो प्रोसेसका सदस्य राष्ट्रहरुले यसको कार्यान्वयनमा समेत उत्तिकै तदारुकता पूर्वक सहकार्य र साझेदारी गर्नु पर्ने सुझाव दिनु भयो ।

कार्यक्रममा नेपाल सहित अफगानिस्तान, बंगलादेश, कम्बोडिया, चीन, भारत, इन्डोनेसिया, पाकिस्तान, फिलिपिन्स, थाइल्याण्ड र भियतनाम गरी १२ वटै सदस्य राष्ट्रका मन्त्री तथा प्रतिनिधि मण्डलका प्रमुखहरुले मन्तव्य राख्नु भएको थियो । वैठकमा कोलम्बो प्रोसेसका सम्वाद साझेदार (Dialogue Partners) स्वीस अन्तर्राष्ट्रिय विकास सहायता निकाय (एसडीसी), दक्षिण एसियाली क्षत्रीय सहयोग संगठन (सार्क), एसियाली आप्रवासन मञ्च लगायतका निकायहरुको समेत सहभागिता रहेको थियो । कोलम्बो प्रोसेसको सचिवालयको समेत भूमिका निर्वाह गरिरहेको अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आईओएम) का जेनेभा, बैंकक, कोलम्बो तथा काठमाण्डौं स्थित कार्यालयका प्रतिनिधिहरुको समेत उक्त वैठकमा सहभागिता रहेको थियो ।

उक्त परामर्श बैठक काठमाडौं घोषणापत्र जारी गर्दै सम्पन्न भयो । सो घोषणापत्रमा कोलम्बो प्रोसेसलाई आगामी दिनमा समेत सदस्य राष्ट्रहरुको योगदानमा आधारित खर्च व्यवस्थापन प्रणालीबाटै निरन्तरता दिने, हाल कार्यरत ५ वटा विषयगत कार्य समूहहरुमा थप ४ वटा कार्यसमूहहरु (क्रमश: वैदेशिक रोजगारीमा गएका कामदारको स्वास्थ्य, श्रम आप्रवासनसंग सम्बन्धित दीगो विकास लक्ष्यको कार्यान्वयन, आप्रावासी महिला श्रमिकको समान अधिकारको प्रवर्द्धन र आप्रवासी श्रमिकका लागि कन्सुलर सेवा) लाई थप गर्ने, कोलम्बो प्रोसेसको प्रगतिको प्राविधिक सहयोग यूनिट (टीएसयु) मार्फत नियमित अनुगमन गर्ने, निकट भविश्यमा हुने जीसीएममा कोलम्बो प्रोसेसबाट उठाईएका सवालहरुलाई समावेश गराउने लगायतका विषयहरु समेटिएका छन् ।

दुई दिन चलेको कोलम्बो प्रोसेसको बैठकमा जीसीएमको स्वीकृती पश्चात यसका आधारभूत सिद्धान्त र उदेश्यहरु कार्यान्वयन गर्ने गराउने सन्दर्भमा क्षमता विकास तथा साझा नीति, रणनीति तथा कार्यक्रम तर्जुमा गर्नेमा सहमती जनाइएको थियो । यसअघि हिजो कार्तिक २९ गते कोलम्बो प्रोसेसका उच्च अधिकारी स्तरीय बैठकको उद्घाटन समारोहलाई विशेष सम्बोधन गर्दै माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री गोकर्ण विष्टले बैठकका सहभागी उच्च अधिकारीहरुलाई वैदेशिक रोजगारीमा जाने कामदारका हक, हित र सुरक्षा सुनिश्चित गर्नका लागि गर्नु पर्ने साझा प्रयासका सम्बन्धमा रचनात्मक छलफल गरी निस्कर्षमा पुग्न आग्रह गर्नु भएको थियो । उद्घाटन सत्रमा श्रम सचिव श्री महेश प्रसाद दहालले स्वागत मन्तव्य प्रस्तुत गर्नु भएको थियो भने निमित्त परराष्ट्र सचिव श्री भरतराज पौडेलले श्रम आप्रवासनलाई व्यवस्थित गर्न गर्नुपर्ने साझा पहलका सम्बन्धमा आफ्नो मन्तव्य राख्नु भएको थियो । सोही अवसरमा संयुक्त राष्ट्रसंघका लागि नेपाली स्थायी नियोग, जेनेभाका स्थायी प्रतिनिधि राजदुत श्री दिपक धितालले नेपालले कोलम्बो प्रोसेसको अध्यक्षता ग्रहण गरेदेखि हालसम्म भएका कार्य प्रगति प्रस्तुत गर्नु भएको थियो ।

उक्त बैठकको अध्यक्षता गर्दै श्रम सचिव श्री महेश प्रसाद दहालले वैदेशिक रोजगारीमा जाने श्रमिकहरुको भर्ना तथा छनौट प्रक्रियामा लाग्ने लागत कम गर्ने, सामाजिक सुरक्षा र स्वास्थ्य सुनिश्चित गर्न, अन्तर्राष्ट्रिय श्रम कानूनले व्यवस्था गरे अनुसारका श्रमिकका अधिकारको यथोचित सम्बोधन हुनु पर्ने लगायतका विषयहरुमा सहकार्यका लागि सदस्य राष्टहरुलाई आव्हान गर्नु भएको थियो । उक्त बैठकमा काठमाडौ घोषणापत्रको मस्यौदामा छलफल भई मस्यौदालाई अन्तिम रुप दिइएको थियो । त्यसैगरी गन्तव्य मुलुकहरुसंग श्रम सम्झौता गर्दा अपनाउन सकिने सैद्धान्तिक आधारहरु समेटिएको एक अन्तर सरकारी श्रम आप्रवासन निर्देशिकाको सम्बन्धमा समेत छलफल भई आगामी दिनमा सबैलाई स्वीकार्य हुने गरी सो दस्तावेजमा परिमार्जन गर्दै लाने सहमती भयो । कार्यक्रममा कोलम्बो प्रोसेसका ५ वटै विषय क्षेत्रगत कार्य समुहहरुले आआफ्नो कार्यप्रगति पनि प्रस्तुत गरेका थिए ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।
३० कार्तिक २०७५

प्रवक्ता